# भूमि तथा कृषि अधिकार अभियान
# मासिक अपडेट
# मार्च, २०१८ (१७ फागुन-१७ चैत २०७४ )

CSRC आत्मनिर्भर केन्द्र

राष्टिय भमि अधिकार मञ्च, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले मार्च, २०१८ *(१७ फाल्गुण-१७ चैत्र, २०७४)* महिनामा गरेको गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## संयुक्त पुर्जा बनाउने थपिए :

यस महिनामा सिन्धुपाल्चोकमा ४०, बर्दियामा ३५, दाङमा २१, सर्लाहीमा १८, उदयपुरमा १२, महोत्तरीमा ८, बाँकेमा ६, र सिरहामा १ गरी **१४१** जोडीले संयुक्त पुर्जा निर्माण गरी **४८.०३** हेक्टर जमिनमा समान हक कायम गरेका छन् ।




जानकी गाउँपालिका वडा नं. ५, बाँके गुरुवागाउँका रतिराम चमार र रामराजा चमार संयुक्त पुर्जाका साथ

**मोही हक प्राप्त :**

यस महिना बाँकेका १, बर्दियाका ४, सिन्धुपाल्चोकका ९ र सर्लाहीका ६ गरि **२०** जना मोही किसानले **३.१२** हेक्टर जग्गामा मोहियानी हक प्राप्त गरेका छन् ।

*म जानकी गाउँपालिका वडा नं. ६, बाँकेको मोही किसान हुँ । १९ कट्ठा जग्गामध्ये ९ कट्ठा १० धुर जग्गाको मोही वापत ६० लाख नगद रकम प्राप्त भयो । यस रकमले डिह्वापुर गाउँमा १ बिघा ४ कट्ठा जग्गा खरिद गरेँ । थोरै जग्गा बिक्री गरेर धेरै खेतीयोग्य जग्गा खरिद भयो । यसबाट कृषि उत्पादनमा बृद्धि र जीविकोपार्जनमा सहज हुने भएको छ ।* ***-हौसिलाल हरिजन, बाँके***



**पुर्जा वितरण**

मेलम्ची नगरपालिका वडा नं १३, फटकशीलाका **१२५ गुठी किसानलाई** ३७.५२ हेक्टर जग्गाको मोही प्रमाण पुर्जा वितरण गरिएको छ । प्रदेश नं. ३ का भूमि, कृषि व्यवस्थापन र सहकारी मन्त्री माननीय दावा दोर्जे लामाको प्रमुख आतिथ्य तथा ३ नं. प्रदेश सभाका सदस्य माननीय सरेश नेपाल र मेलम्ची नगरपालिकाका मेयर श्री डम्बरबहादुर अर्यालको विशेष आतिथ्यमा पुर्जा वितरण गरिएको थियो । भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता कार्यविधि अनुसार घरधुरीको निवेदन मालपोत कार्यालयमा पेश भएको थियो । भूमि अधिकार मञ्चको सहजीकरणमा आवास पूननिर्माण गर्ने कित्ताको लालपुर्जा निर्माण भएको हो ।



यस महिना बाँकेमा १०, उदयपुरमा ५, सिरहामा ३, ओखलढुङ्गामा २ र सिन्धुपाल्चोकमा २ गरी २२ नयाँ गाउँ मञ्च थपिएका छन् । थपिएका नयाँ गाउँमञ्चमा **१९६ जना** सदस्यहरू सङ्गठीत भएका छन् ।

### विस्थापितद्वारा जग्गा खरिद :

यस महिना भुकम्पबाट विस्थापित भएका रसुवा जिल्लाका ४१, सिन्धुपाल्चोकका १७ र धादिङका ३ गरी ६१ परिवारले १.३० हेक्टर जग्गा खरिद गरेका छन् । यी मध्ये ५४ परिवारको संयुक्त (श्रीमान्-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन पास भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारिस पत्रहरू तयारी र जग्गा दर्ता प्र आत्मनिर्भर सेवा केन्द्रको टिमले  सहजीकरण गरेएका थिए

### संयुक्त पुर्जा निर्माण गरेका जोडीलाई सम्मान

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकले संयुक्त पुर्जा निर्माण गरेका ११७ जोडीलाई अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सम्मानपत्र मार्फत सम्मान गरेको छ । हेलम्बु गाउँपालिका वडा नं ४ को मेलम्ची भ्याली क्याम्पसमा आयोजित उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रम सुरु हुनु पहिले  र्‍याली निकालिएको थियो । र्‍यालीमा स्थानीय जनप्रतिनिधी, महिला लगायत भूमि अधिकार अभियानमा संलग्न व्यक्तिहरुको उपस्थिति थियो । र्‍यालीमा ‘महिला अधिकार सुनिश्चित गर’, ‘आन्दोलनमा महिला,भूमि चाहियो पहिला’ लगायतका नारासहितका प्ले कार्ड बोकी बजार परिक्रमा गर्नुभएको थियो । र्‍यालीपछि सुरु भएको कार्यक्रममा  माननीय मन्त्री शेर बहादुर तामाङ र प्रदेश सभा सदस्य माननीय इन्द्रमाया गुरुङ, जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारीहरु, स्थानीय जनप्रतिनिधीहरुको उपस्थिति रहेको थियो ।



हेलम्बु गा.पा ४, महांकाल, सिन्धुपाल्चोकमा १०८ औं अन्तर्राष्ट्रिय महिला दिवसको कार्यक्रमका सहभागीहरु

## संस्थाको २५ औं वार्षिक दिवस

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको २५ औं स्थापना दिवस २०७४ चैत १ बिविध कार्यक्रम भूमि घर काठमाण्डौं फिल्ड कार्यालयहरु रसुवा, तालामाराङ र मेलम्चीमा मनाइयो । कार्यक्रममा संस्थाको २५ वर्षको यात्रा, भूमि अधिकार अभियानका उपलब्धी तथा आगामी योजनाको बारेमा छलफल गरियो । दिवसलाई सम्बोधन गर्दै आत्मनिर्भर केन्द्रका अध्यक्ष डा. सुरेश ढकालले आत्मनिर्भर केन्द्रले २५ वर्षका यात्रा गरी प्रगतीको उचाईमा पुगेकोमा यसका अभियान्तालाई बधाई ज्ञापन गर्नुभएको छ । जति उचाईमा पुगिन्छ, त्यति नै अक्सिजन कम हुन्छ भन्ने कुराको हेक्का अगाडी बढ्नु पर्ने कुरामा जोड दिनु भयो । संस्थाका कार्यकारी निर्देशक जगत देउजाले संस्थालाई यो उचाईमा पुऱ्याउन धेरैको सहयोग रहेको कुरा स्मरण गर्नुभयो र नयाँ रणनीतिका साथ संस्था अगाडि बढ्ने बिचार राख्नुभयो ।







संस्थाको २५ औं वार्षिक दिवसमा सामुहिक तस्बीर खिचाउँदै सहभागीहरु

**भूमि सम्बन्धमा प्रदेशस्तरीय छलफल :**

'**सम्वृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार**' बिषयक नीतिगत सम्वाद कार्यक्रम धनुषाको लालगढमा चैत्र ६ गते सम्पन्न भयो । कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक जगत देउजाले आगामी परिवर्तित परिवेश र भूमि सुधारका एजेण्डाहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रमा चन्द्रकिशोरले टिप्पणीसहित उक्त क्षेत्रका भूमि सम्बन्धि सवाल र नीतिगत सम्बोधनसहित बिचार राख्नुभएको थियो । त्यसपछि प्रदेश सभाका माननीय सदस्यहरु कौशलकुमार यादव, सुन्दर बिश्वकर्मा, डिल्लीप्रसाद उप्रेती, बेची लुङ्गेली, शारदा थापा, रामलखनले आगामी नीति तथा कानूनमा भूमिको बिषयलाई प्राथमिकता साथ उठाउने प्रतिबद्धता गर्नुभएको थियो । प्रदेस सभाका सभासदहरुले स्थानीय सरकारले भूमि अधिकारबाट वञ्चितहरुको वास्तविक तथ्याङ्क, भूमि लगायत प्राकृतिक स्रोतहरुको नक्शाङ्कन गर्ने र यसका आधारमा योजना बनाई अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । कार्यक्रममा मिथिला नगरपालिकाका मेयर हरिनारायण महतोले सरकारले भूउपयोग ऐन मार्फत भूव्यबस्थापन गर्नुपर्ने बिचार राख्नुभएको थियो । सम्वादमा ९ जना प्रदेश सभा सदस्य, स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष र भूमिअधिकारकर्मीसहित ६१ जनाको सहभागिता थियो ।

त्यसरी नै बाँकेको नेपालगञ्जमा पनि चैत्र १३ गते यस्तै प्रकारको नीतिगत सम्वाद सम्पन्न भयो । कार्यक्रममा संस्थाको तर्फबाट प्रस्तुत कार्यपत्रमा विज्ञ महेश चौधरीले टिप्पणीसहित पश्चिम क्षेत्रका भूमि सम्बन्धि सवाल र नीतिगत सम्बोधनसहित बिचार राख्नुभएको थियो । साथै प्रदेशस्तरको परिवेश र सवालका आधारमा नीतिगत बाटो खुलाउन लागिपर्ने प्रदेस सदस्यहरुले प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । सम्वादमा ११ जना प्रदेश सभा सदस्य, स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, मानवअधिकार आयोग, ईन्सेकका प्रतिनिधि, पत्रकार, भूमि अधिकारकर्मी गरी १९ महिलासहित ७२ जनाको सहभागिता थियो ।



आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा बाट प्रदेश सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै

## अनुसुची : केस स्टडी

### सुकुम्बासी बाट जग्गा धनी

मेरो नाम सन्तोस नगरकोटी हो । किउल गाविस वडा न. ४ हाम्रो घर थियो । बुबाले ज्याला मजदुरी गर्नुहुन्थयो, २०६५ सालमा बुबाको काम गर्ने क्रममा मृत्यु भयो । बुबाको मृत्यु पछि आमाले अर्को विवाह गर्नुभयो । ७ वर्षको उमेरमा टुहुरो भइयो । बाँच्नकै लागि पनि काम चाहिएको थियो । गाउँघरमा काम थिएन । कामको खोजीमा म र बहिनी काठमाडौं गयौं । मैले चाउमिन कारखानामा काम पाएँ । बहिनीले बच्चा हेर्ने काम गर्थिन ।



जीवन वित्दै थियो । बैशाख १२ गते भुकम्प गयो । गाउँमा रहेको हाम्रो घर भत्कियो । अरुको जमिनमा बनाएकाले अब हामी टुहुरो मात्र नभई सकुम्बासी पनि भयौं । सबैले अनुदान पाए तर हामी भने पुनर्निमाणबाट पनि बञ्चित भयौं । यही क्रममा भूमि अधिकार मञ्चबाट सुकुम्बासीको विषयमा सवाल उठ्न थाल्यो । सुकुम्बासीका लागि पुनर्निमाण र जग्गाको विषयमा छलफल भयो । २०५१ सालमा गठित सुकुम्बासी आयोगबाट जग्गा पाएको तर बुबाले वास्ता नगरेकाले पुर्जा बनिसकेको थिएन । अविभावक र प्रमाण नभएकोले हामी अधिकारबाट बञ्चित भयौं । तर यस्तो अबस्थामा हामीलाई भूमि अधिकार मञ्चले सहयोग गर्‍यो । मालपोत कार्यालयबाट फिल्डबुक उतार, वडा मुचुल्का, वडा सिफारिस, नाता प्रमाणित र प्रहरी प्रशासनको रिर्पोट आदि तयार गर्न मञ्चले सहजीकरण गर्‍यो । लेखापढीका लागि पैसा दिईरहनु परेन । भूमि अधिकार मञ्चको सहयोगले हामीले ५ रोपनी ८ आना ४ दाम ५ पैसा जग्गा प्राप्त गर्‍यौं । हाल बहिनी र मेरो नाममा संयुक्त पुर्जा बनेको छ । आवास पुननिर्माणमा लाभग्राही सूचीमा नाम छुटेकाले त्यसको लागि पनि मञ्चबाट नै पहल भयो । अब हामी दाजु बहिनी मिलेर घर बनाउने योजना छ ।

## भूमिहिन बाढी पीडितले जग्गा प्राप्त गरे

बर्दिया जिल्लाको गुलरिया नगरपालिका वडानं.४ मा वि.स. २०४५ सालदेखि बेदर्ता जग्गामा ३३ घरधुरी बसोबास गरिरहेका थिए । भूमि अधिकार मञ्चमा आबद्ध भएकाले ३३ परिवार नै संगठीतरुपमा जमिनमा आफ्नो हकस्थापित गर्नका लागि निरन्तर लागिरहेका थिए । यसैक्रममा २०७१ साउन २९ र ३० को राती आएको बाढीले ३३ परिवारका सबै घर डुवानमा परे । डुवानमा परि ६ जनाको ज्यान समेत गयो । घरबारविहिन ३३ परिवार आफ्नो गाउँ छोडेर अन्यन्त्र जानुपर्ने बाध्यता भयो ।



बाढी रोकिएको केहि दिनपछि उनीहरु आफ्नो गाउँ फर्किए । आफ्नो घर र यसमा राखिएका सामग्रीहरु सबै बाढीले बगाएकाले उनीहरुलाई बसोबासको मात्रै नभएर खानाको पनि समस्या भयो । सरकार तथा स्थानीय संघसंस्थाले उनीहरुलाई राहत प्रदान गरे । राहतको काम सकिएपछि सरकारले बाढी पीडितलाई पनि भुकम्प पीडितलाई जस्तै घर पुर्ननिर्माणका लागि तीन रुपैँया दिने निर्णय गर्‍यो । तर रकम प्राप्त गर्नका लागि पीडितले अनिवार्यरुपमा जग्गाधनी पूर्जा देखाउनुपर्ने भयो । भूमिहीन तथा सुकुम्बासीहरु जग्गा प्राप्त गर्नबाट भए ।

भूमि अधिकार मञ्चमा आबद्ध उनीहरुले जिल्ला भूमि अधिकार मञ्चमा आफ्ना समस्या सुनाए । उनीहरुलाई जग्गा उपलब्ध गराउनका लागि जिल्ला भूमिअधिकार मञ्चले जिल्लाका सरोकारवाला निकायहरुसँग पटकपटक छलफल गरे । तर जिल्लाका सरोकारवाला निकायका प्रतिनिधीहरु सकारात्मक भएपनि उनीहरुको मुद्दा केन्द्रीयस्तरबाट नै समाधान गर्नुपर्ने भएकाले भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट निर्देशन भएमा पीडितलाई जग्गाधनी पूर्जा उपलब्ध गराउन कुनै अफ्ठेरो नपर्ने कुरा जिल्लाका सरोकार निकायका प्रतिनिधीले जानकारी गराए । यसैक्रममा आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशकको नेतृत्वमा सो क्षेत्रको भ्रमण पश्चात् वास्तविक जानकारी भूमि सुधार मन्त्रालयमा गराई जग्गा धनी पूर्जा उपलब्ध गराउनुपर्ने आफ्नो अडान राखेपछि मिति २०७४ माघ २८ गते मन्त्रालयले बर्दिया जिल्लाको मालपोत कार्यालयलाई निर्देशन सहितको पत्र लेख्यो । मन्त्रालयको निर्देशन अनुसार जग्गाको कित्ताकाट गरी ३३ परिवारलाई जिल्ला मालपोत कार्यालय, बर्दियाबाट मिति २०७४ चैत ८ गते ०.६७ हेक्टर जग्गाको प्रमाण पूर्जा वितरण गरियो । पूर्जा प्राप्त गरेपछि पीडित गोपालसिंह रानाले भने, हामीले लामो समयदेखि गरेको आन्दोलन सफल भएको छ । अब हामीसँग घर बनाउनका लागि जग्गाधनी प्रमाण पूर्जा छ । यो पूर्जा प्राप्त गर्नका लागि आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार मञ्चले गरेको सहयोग हामी कहिल्यै भुल्नेछैनौं ।”